# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गुलरिया, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश, नेपाल

### कृष्णपुर नगर कार्यपालिकाको करारमा सेवा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०८/०७ गते)

कृष्णपुर नगर कार्यपालिकाको लागी देहायको संख्या र योग्यता भएको प्राविधिक तथा सहायक कर्मचारीहरू सेवा करारमा लिनुपर्ने भएकाले यस सूचना बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१.विज्ञापन हुने पदको विवरण:**

| सि.नं. | पद नाम | संख्या |
|---|---|---|
| १ | सब–इन्जिनियर (सिभिल इन्जिनियरिंङ, जनरल) | १ (एक) |
| २ | अ.हे.व. (स्वास्थ्य, हेल्थ इन्स्पेक्सन) | १ (एक) |
| ३ | ब्याक्हो लोडर चालक | १ (एक) |
| ४ | टिप्पर चालक | १ (एक) |
| ५ | ट्रेक्टर चालक | २ (दुई) |
| ६ | एम्बुलेन्स चालक | १ (एक) |

**२.शैक्षिक योग्यता र अनुभव:**

१. नेपाली नागरिक ।

२. न्यूनतम शैक्षिक योग्यता

- सि.नं. १ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण,
- सि.नं. २ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण र
- सि.नं. ३ देखि ६ सम्मका लागि साधारण लेखपढ गर्नसक्ने ।

३. १८ वर्ष उमेर पुरा भएको ।

४. सि.नं. २ पदको हकमा दरखास्त दिने उम्मेदवारहरुले दरखास्त दिने समयमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा नाम दर्ता/नवीकरण गराएको हुनुपर्नेछ । सि.नं. ३ देखि ६ को पदको हकमा सम्बन्धित वर्गको सवारी चालक अनुमति पत्रको दर्ता/नवीकरण गराएको हुनुपर्नेछ ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३. दरखास्तमा संलग्न गर्नुपर्ने:**

१. दरखास्त फाराम (दरखास्त फाराम, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.krishnapurmun.gov.np बाट उपलब्ध हुनेछ ।)

२. उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, सि.नं. २ पदको हकमा स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र र सि.नं. ३ देखि ६ सम्म पदहरुको हकमा सम्बन्धित वर्गको सवारी चालक अनुमति पत्र (ड्राइभिंग लाइसेन्स) । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

३. दरखास्त दस्तुर रू. ५००।०० (पाँच सय) तिरेको रसिद

**४. सेवा सुविधाः** नगर कार्यपालिकाको निर्णयानुसार ।

**५. परीक्षाको किसिम, मिति र स्थानः** आवश्यकतानुसार लिखित, मौखिक र प्रयोगात्मक, मिति र स्थान पछि तोकिने छ ।

मेघनाथ रिजाल
प्रमुख प्रशासकीय अधिकृत